आज मिति २०७५।०१।२५ गते मंगलबारका दिन यस तारकेश्वर गाउँपालिकाका अध्यक्ष श्री रमेश बहादुर वस्ती ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक सम्पन्न भई निम्नानुसारका निर्णय गरियो ।

**निर्णय नं. १:**

यस गाउँपालिकालाई खुला दिशा मुक्त घोषण कार्यक्रमको लागि रु २०००००(दुई लाख) विनियोजित गर्दै, कार्यक्रम तामझामका साथ गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

गाउँपालीकामा र वडामा कार्यरत कृषि र भेटरेनरीका करार कर्मचारीहरुलाई चैत मसान्त सम्मको सुविधा उपलब्ध गराई त्यस उप्रान्त म्याद थप नगरी पुन विज्ञापन गरि कर्मचारी नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

वडा नं. २ र ६ मा स्वास्थ्य चौकी खोल्ने निर्णय गरी आवश्यक कर्मचारी सेवा करारमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

पक्की ढलान घर तथा ढुङ्गा माटोले बनेको घरको लागि निम्न अनुसारको राजस्व लिने निर्णय गरियो :–

१. आर.सि.सी. पिलर र स्ल्याब भएको घर प्रति वर्ग फिटको रु २ तथा

२. कच्चिच ढुङ्गा माटोको जडान भएको ढलान नभएको घर प्रति वर्ग फिटको रु १ का दरले लिने निर्णय गरियो ।

**निर्णय नं. ५:**

वडाबाट सिफारिसका साथ आएका फर्महरुलाई तथा व्यक्तिलाई बैठकले छनोट गरि कृषि र पशुको फर्महरुको अनुदान दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ६:</u>**

महिला भवन नबनेका वडाहरुमा महिला भवन निर्माण सबै वडाको विचमा बनाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ७:</u>**

साविक दाङसिङ गा.वि.स. रहेको स्थानमा १२ कोठे अस्थाई Pre-fabricated भवन निर्माणका लागि समिति गठन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ८:</u>**

सबै वडाका भवन निर्माणका लागि वडाका विचमा पर्ने गरि सकेसम्म सार्वजनिक जग्गा र नभए खरिद गरि कार्यलय स्थापनाका लागि वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ९:</u>**

गाउँ पालिकाको विभिन्न सेवा करारमा पद पूर्ति गर्न को लागि निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो :–

१. संयोजक – प्रमुख प्रशासकिय अधिकृत

२. सदस्य – अध्यक्षले तोकेको व्यक्ति

३. सदस्य – विषयगत शाखाको प्रमुख

४. सदस्य – प्रशासन प्रमुख

**<u>निर्णय नं. १०:</u>**

नुवाकोटमा संचालन भैरहेको राष्ट्रिय गोल्ड कपमा आर्थिक अनुदानको लागि रु. ३०००००( तीन लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ११:</u>**

क्यान्सर,मुटु,मृगौला,फोक्सो थला परेको प्यारालाइसिस, ब्रेन ट्युमर सहितका विमारीका लागि डाक्टरको सिफारिसमा वर्षको एक पटक रु १५०० दिने निर्णय गरियो ।

HIV पिडितलाई वर्षको ६००० दिने निर्णय गरियो ।

प्राकृतिक प्रकोप – आगलागी ,पहिरो, बाढी,चट्याङ अन्य दुर्घटना तथा अति विपन्न रोगी भएका व्यक्तिलाई रु ५००० देखि १५००० सम्म उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:**

यस तारकेश्वर गाउँ पालिकाको स्थाईत्व तथा जग्गा केन्द्र छनोटको लागि विज्ञ समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

गाउँपालिकाको नियमित बैठक प्रत्येक महिनाको १ गते र १५ गते बस्ने निर्णय गरियो र सो दिन सार्बजनिक विदा परेमा त्यसको भोलिपल्ट बस्ने निर्णय गरियो ।